# नेपाल राष्ट्र बैंक
# राष्ट्र ऋण व्यवस्थापन विभाग
थापाथली, काठमाडौंको

## व्यक्ति तथा संस्थाका लागि बोलकबोल प्रक्रियाद्वारा
## विकास ऋणपत्र २०७२ "क"
## निष्कासन गरिने सूचना

नेपाल सरकारको राष्ट्र ऋण ऐन २०५९, राष्ट्र ऋण नियमावली २०५९ र ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली २०६१ अनुसार बोलकबोल प्रक्रियाद्वारा विकास ऋणपत्र २०७२"क" देहाय बमोजिमका शर्तहरु कायम गरी निष्कासन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. (क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०७२ "क" (८ वर्षे) ।
(ख) निष्कासन गरिने कुल रकम : रु. १५०.०० करोड (एक अर्ब पचास करोड रुपैयाँ मात्र) ।
(ग) निर्धारित वार्षिक ब्याजदर (Coupon Rate) : ७.५० प्रतिशत (अङ्कित मूल्यमा अर्द्धवार्षिकरुपमा ब्याज भुक्तानी हुने तथा प्रचलित नेपाल कानून अनुसार कर लाग्ने) ।
(घ) बोलपत्र पेश गर्ने मिति : २०६४ चैत्र १७ गतेका दिन अपरान्ह ३:०० बजेभित्र ।
(ङ) निष्कासन हुने मिति : २०६४ चैत्र १९ गते ।
(च) साँवा भुक्तानी हुने मिति : २०७२ चैत्र १९ गते ।
(छ) धितो सम्बन्धी व्यवस्था : यो ऋणपत्र धितो राखी कर्जा लिनदिन पाइने ।
(ज) खरिद गर्न सकिने रकम : रु.२५,०००।- वा सो अङ्कले भागगर्दा नि:शेष हुने गरी निष्कासन हुने रकममा नबढाई ।
(झ) फाराम सम्बन्धी व्यवस्था : विकास ऋणपत्रको बोलकबोल फाराम । यो फाराम यस विभाग वा यस बैंकका उपत्यका बाहिरका कार्यालयबाट वा यस बैंकको वेबसाइट (www.nrb.org.np अन्तर्गत Public Debt) बाट डाउनलोड गरी प्राप्त गर्न सकिने ।

२. यो ऋणपत्र खरिदका लागि व्यक्ति तथा संस्थाले बोलकबोल प्रक्रिया अन्तर्गत प्रतिस्पर्धी वा अप्रतिस्पर्धी कुनै एक बोलवालाको रुपमा मात्र भाग लिन सक्नेछन् । यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था अप्रतिस्पर्धी बोलवाला हुन पाउने छैनन् । प्रतिस्पर्धी र अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको क्रमश: ५०/५० प्रतिशत रकम अर्थात क्रमश: रु.७५.००/७५.०० करोडसम्म अधिकतम एक बोलवालाले खरिदका लागि बोलपत्र पेश गर्न सक्नेछन् । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकम पुरा बिक्री नभएमा बाँकी हुन आउने रकम प्रतिस्पर्धी बोलवालालाई र प्रतिष्पर्धी बोलवालाबाट पर्याप्त रकमको बोलपत्र पर्न नआएमा बाँकी रकम अप्रतिष्पर्धी बोलवालालाई पनि विक्री गर्न सकिने छ । अप्रतिस्पर्धी बोलवालालाई छुट्याइएको रकमभन्दा बढी रकमको बोलपत्र पर्न आएमा पेश भएका बोलवालाहरुलाई दामासाहीले ऋणपत्र बिक्री गरिनेछ ।

३. प्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकम र बोलमूल्य बोलकबोल फाराममा उल्लेख गर्नु पर्नेछ । खरिद गर्न चाहेको रकमको लागि अर्द्धवार्षिक ब्याज भुक्तानी हुने आधारमा एकसय रुपैयाँ अङ्कित मूल्य बराबर आफूले बुझाउन चाहेको बोलमूल्य (Bid Price) दशमलव पछाडि चार अङ्कसम्म उल्लेख गर्नु पर्नेछ ।

४. अप्रतिस्पर्धी बोलवालाले खरिद गर्न चाहेको रकम मात्र खुलाउनु पर्नेछ । स्वीकृत बोलकवोल मूल्यको भारित औसत बोलमूल्यमा अप्रतिस्पर्धी बोलवालालाई ऋणपत्र बिक्री गरिनेछ ।

५. बोलवालाले आफूले खरिद गर्न चाहेको अङ्कित मूल्यको २.५० प्रतिशतले हुने रकम यस बैंकको बैंकिङ्ग कार्यालय वा बैंकका उपत्यका बाहिरका कार्यालयमा रहेको सण्ड्री क्रेडिटर्स विकास ऋणपत्र (अर्नेष्टमनी) हिसावमा जम्मा गर्नु पर्नेछ । जम्मा गरेको अर्नेष्टमनीको सक्कल भौचर बोलकबोल फारामसाथ पेश गर्नु पर्नेछ । व्यक्ति बोलवाला भएको खण्डमा नागरिकताको छविचित्र समेत पेश गर्नु पर्नेछ । स्वीकृत बोलवालाले मिति २०६४ चैत्र १९ गतेसम्म बैंकिङ्ग कारोवार समयभित्र विकास ऋणपत्र २०७२ "क" हिसावमा बाँकी रकम जम्मा गर्नु पर्नेछ । उक्त समयभित्र आवश्यक रकम दाखिला नगरेमा अर्नेष्टमनी बापत जम्मा गरेको रकम जफत हुनेछ ।

६. अस्वीकृत बोलपत्रहरुका सम्बन्धमा जम्मा गरेको अर्नेष्टमनी यस सम्बन्धी निर्णय भएको मितिले ७ दिनभित्र बिना ब्याज फिर्ता दिइनेछ ।

७. प्राप्त बोलकबोल आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा रहनेछ ।

८. यस ऋणपत्रको दोश्रो बजार कारोवार नेपाल धितोपत्र विनिमय बजार लिमिटेड मार्फत मात्र हुनेछ ।

९. अघिल्लो बोलकवोलको (मिति २०६४/०९/२३) को विवरण:
(क) ऋणपत्रको नाम : विकास ऋणपत्र २०७६"ग"
(ख) बिक्रीको लागि आव्हान गरिएको रकम : रु.४६.०० करोड
(ग) निर्धारित वार्षिक ब्याजदर (Coupon Rate) : ६.५० प्रतिशत
(घ) प्राप्त बोलपत्र संख्या : प्रतिस्पर्धी ३० र अप्रतिस्पर्धी ३
(ङ) माग रकम : (अ) प्रतिस्पर्धी : रु.८२.५० करोड
(आ) अप्रतिस्पर्धी : रु.३१.४० करोड
(च) निष्कासित रकम : रु. ४६.०० करोड
(छ) एक सय रुपैयाँ अङ्कित मूल्य बराबर कायम हुन आएको बोल मूल्य : अधिकतम १०७.३१६७, न्युनतम १००.०००० र भारित औसत १०१.१८२२

१०. अन्य आवश्यक जानकारीको लागि यस विभागको फोन नं.४२५७८८०, ४२२१७६३, ४२४८९००-९०४ एक्सटेन्सन १२३ वा ११५ मा सम्पर्क राख्नु हुन वा यस बैंकको वेबसाइड http:// www.nrb.org.np अन्तर्गत Public Debt मा हेर्नु हुन अनुरोध छ ।